# सप्तरी जिल्ला अदालत

## राजविराज

## सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

सप्तरी जिल्ला अदालत
राजविराज
२०२१

प्रथम पटक सूचना प्रकाशित भएको मिति २०७७/ ०९/२२

यस अदालतको कार्यालय परिसरमा तपसिलमा उल्लेखित निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१.बोलपत्र सम्बन्धी कागजात वोलपत्र फारम प्रथम पटक सुचना प्रकासित भएको मितिले ३० (तीस) औं दिन (२०७७।१०।२२ गते) सम्म तोकिए बमोजिमको बोलपत्र दस्तुर (पछि फिर्ता नहुने) तिरी ,चालु आ.व.को लागि नवीकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र , व्यवसायी दर्ताको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (पान नम्बर) प्रमाणपत्र र आ.व. २०७६/०७७ को कर चुक्ता गरेको प्रमाणपत्रहरुको प्रतिलिपि वा कर समायोजन पत्र संलग्न राखी सम्बन्धित निर्माण व्यवसायी वा निजको अधिकार प्राप्त प्रतिनिधीले लिखित निवेदन दिई यस अदालतबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । अधिकार प्राप्त प्रतिनिधी मार्फत बोलपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power of Autonomy) पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र सम्बन्धी कागजातहरु रित पूर्वक स्पष्ट सँग भरी कार्यालयमा दर्ता गर्ने बोलपत्र दाताले खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्का नं., बोलपत्रदाता, फर्मको नाम, पुरा ठेगाना उल्लेख गरी यस अदालतलाई सम्बोधन गरी वोलपत्र फारम प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ (एक्तीस) औं, दिन २०७७।१०।२३ गते दिनको १२:०० बजेसम्म बोलपत्रहरु यस अदालतमा दर्ता गर्न सकिनेछ । दर्ता भएको बोलपत्रहरु सोही दिन दिनको २:०० बजे बोलपत्र दाता वा निजका प्रतिनिधीको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । तर बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन हुनेछ । बोलपत्र दाताले बोलपत्र साथ तोकिए बमोजिमको रकममा नघटाई को.ले.नि.का. सप्तरीको नाममा रहेको राष्ट्रिय वाणिज्य बैकं राजविराज शाखामा हि.नं. २१८०१००१०२०३०००० एकल धरौटी खातामा यस अदालतको कार्यालय कोड नं.२०४९७१५०१ उल्लेख गरी नगदै जम्मा गरेको सक्कल बैङ्क भौचर वा नेपाल सरकारवाट मान्यता प्राप्त बाणिज्य बैकंबाट यस अदालतको नाममा जारी भएको , बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट बोलपत्रको हकमा कम्तिमा १२० दिन सम्म मान्यअवधि भएको बोलपत्र जमानत (बिडबण्ड) पेश गर्नु पर्नेछ । बोलपत्र पुस्तिाका (Bid Bond) फारम अनुसार भर्नु पर्ने हुन्छ अन्यथा मान्य हुनेछैन ।

४. बोलपत्र शर्त रहित, केरमेट नभएको, अदालतले उपलब्ध गराएको परिमाणको मूल्यपत्र लगायतको बोलपत्र कागजातमा कुनै थपघट वा द्रष्टव्यः नलेखिएको र बोलपत्र/दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधीले रित पूर्वक सही छाप गरेको हुनुपर्नेछ ।

५. बोलपत्र दाताले परिमाणको मूल्य पत्र (BOQ) मा मूल्य अभिवृद्धि कर बाहेक तिर्नु पर्ने सबै कर र अन्य शुल्कहरु समावेश गरी अङ्क र अक्षर दुबैमा स्पष्ट सँग Item wise दर रेट उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ । केरमेट भएका ठाउँहरुमा बोलपत्र दाताले सही छाप गरेको हुनुपर्नेछ ।

६. बोलपत्र खरिद गर्ने अन्तिम मिति सार्वजनिक विदा परेमा विदा पछि लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न र सो को भोली पल्ट १२:००बजे भित्र दर्ता गर्न सकिनेछ । त्यस्तै दर्ता गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगतै कार्यालय खुलेको दिनको १२:००बजे भित्र दर्ता गर्न सकिनेछ ।

७. बोलपत्र सम्बन्धी कागजातमा भाषागत समेत त्रुटी भएमा वा विषय र प्रसँगले अन्यथा अर्थ लागेमा यस अदालतलाई कुनै पनि बेला सो सच्याउन बाधा पर्ने छैन । नेपाल सरकारको हितलाई ध्यानमा राखि बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा ठेक्का रद्द गर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ ।

८. बोलपत्र दातालाई बोलपत्र पेश गर्नु पूर्व निर्माण स्थल निरिक्षण (Site visit) गर्न सुझाव दिइन्छ । तर सो निरिक्षण गर्न लाग्ने खर्च बोलपत्र दाता आफैले बेहोर्नु पर्नेछ ।

९. एक फर्मको नाममा खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन । यस सुचनामा उल्लेखित बोलपत्रहरु सम्बन्धी थप जानकारीको लागि कार्यालय समयमा यस अदालतको लेखा शाखामा सम्पर्क गर्न सकिनेछ । सम्पर्क फोनं नं ०३१-५२३७३२

१०. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन,कानुन अनुसार हुनेछ ।

११. बजेट व्यवस्था तथा कार्यक्रम स्वीकृत नभएको अवस्थामा ठेक्का रद्द हुनेछ ।

१२. यस सूचनामा उल्लेखित ठेक्काको व्यवस्थापन र मूल्याङ्कन सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ ( संशोधन सहित) बमोजिम हुनेछ ।

तपसिल :

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम र कार्यस्थल | कार्य विवरण | ल.ई.रकम ( मु.अ.कर वाहेक) | अनुमानित रकम (बिडबण्ड रकम) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | SDC-01/077/078 | प्रतिक्षालय निर्माण, सप्तरी जिल्ला अदालत, राजविराज | ग्यारेज तथा क्यान्टिन निर्माण | ५१,०५,२६७४६ | १,५३,०००/- | ३,०००/- |

कुमार मास्के
स्रेस्तेदार (उप सचिव)
सप्तरी जिल्ला अदालत

स्रेस्तेदार
उप-सचिव